# ३. परमेश्वरको वचनको अध्ययन

क. मुख्य पदहरु

२तिमोथी २:१५
२तिमोथी ३:१६-१७
रोमी १०:१७
प्रेरित १७:११
भजन १३८:२

ख. परिचय

कैयौं क्रिश्चियनहरुले बाइबललाई इश्वरीय प्रतिज्ञाको एउटा बाकसभन्दा बढी ठान्दैनन्. तिनीहरु बाइबल आफ्नै मनखुशी पूर्वक खोल्छन, त्यसको कुनै अंश पढनमा अगुवाई गर्न पवित्र आत्मासँग प्रार्थना गर्छन्. कहिलेकहीं अनुकुलता हेरेर पवित्र आत्माले त्यसो पनि गर्न दिनुहुन्छ. यस्ता परिस्थितिहरुमा साधारणतया मौलिक अर्थ र प्रशंग बेगर नै वचनलाई जस्ताको तस्तै हृदयको तात्कालिक आवश्यकता अनुसार लिनुपर्छ. तर धर्मशास्त्रको अविच्छिन्न बुझाईको निम्ति हामीले यो भन्दा अझ बढी गर्नुपर्छ. हामी दैनिक रुपमा धर्मशास्त्र अनुरुप जिउनुपर्छ र यसलाई तिनीहरुको स्पष्ट अर्थमा बुझ्नुपर्छ (२तिमोथी २:१५).

ग. एउटा चेलाले परमेश्वरको वचन जान्नुपर्ने आवश्यकता छ

बाइबल परमेश्वरले मानिससित बोल्नुभएको हो. येशूको चेला भएर जिउन हामीलाई परमेश्वरको वचनको खांचो छ.

- यसले हामीलाई बुद्धिमान बनाउंछ (भजन ११९:९८-१०४) यदि हामीले यसलाई प्राप्त गरेमा यसले हामीलाई ज्योति प्रदान गर्छ (भजन ११९:१३०).
- यसले हामीलाई शान्ति प्रदान गर्दछ र लडखडाउनबाट बचाउँछ (भजन ११९:१६५)
- यसले हामीलाई मजबुत तुल्याउदै शुद्ध पारिएकाहरुमाझ उत्तराधिकारको हकदार बनाउंछ (प्रेरित २०:३२)
- यसले विश्वास बढाउंछ (रोमी १०:१७)
- यसले उत्साह जगाउदै आशा उत्पन्न गराउंछ (रोमी १५:४)

- शिक्षा दिन, हप्काउन (खराब काम गरेमा), सुधार गर्न र धार्मिकतामा तालीम दिन यो लाभदायक छ (२तिमोथी ३:१६)
- यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग पारुन्जेलसम्म वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ (हिब्रू ४:१२)

याद गर्नुहोस् बाइबल परमेश्वरको प्रेरणाबाट आएको हो. यो एकदम साँचो, भरपर्दो र क्रिश्चियन तथा मण्डलीहरुको निम्ति अन्तिम प्रामाणिक दस्तावेज हो.

## घ. परमेश्वरको वचन जान्ने तरीकाहरु

**१. सुनाई**

प्रचार, टेपहरु, बाइबल उच्च सोरमा पढने र साक्षी दिनु

**२. पढाई**

पढेको कुरा बुझ्न सकौं भनेर हामीले पवित्र आत्मासँग विन्ती गर्नुपर्छ. शुरु-शुरुमा पढन आरम्भ गर्दा एउटा विशेष योजनानुसार गर्नुपर्छ.

**३. अध्ययन गर्ने** (प्रेरित १७:११)

एउटा विशेष लक्षसाथ बाइबल अध्ययन गर्नुहोस् (बाइबलको एउटा अंशको व्याख्या, मोशा आदिको चरित्र, पवित्र आत्मा आदि). परमेश्वरले कुनै कुरा देखाउनु भएमा सो लेखिहाल्नुस. परमेश्वरले उहाँको बारेमा तपाईलाई जान्न दिन चाहनुहुन्छ तर जानेका कुराहरु नबिर्सिकन तपाईंले अरुलाई पनि बताउन सक्नुपर्छ.

**४. मनन गर्ने** (यहोशू १:८; भजन १:१-३).

**५. कण्ठस्थ गर्ने** (व्यवस्था ६:५-९; हितोपदेश ७:१-३).

यसले हामीलाई परमेश्वरबाट (आत्मिक) भोजन र बल प्राप्त गर्न मदत गर्छ (मत्ती ४:४), परमेश्वरको बाटोमा हिंडन (भजन ११९:१०५), तथा पाप, परीक्षा र शैतानमाथि विजय प्राप्त गर्न सहायता गर्छ (भजन ११९:११; एफिसी ६:१७, मत्ती ४:४,७ र १०).

## ङ. बाइबल अध्ययन किन गर्ने ?

### १. प्रकाश

धर्मशास्त्रले हामीलाई परमेश्वरको उपलब्ध पूर्ण प्रकाश दिन्छ. त्यहाँ उहाँले आफ्नो बारेमा सत्यता र उहाँका जनहरुको निम्ति उद्देश्यहरु प्रकट गर्नुभएको छ. त्योभन्दा अझ बढता हामी परमेश्वरको प्रकाश येशूमा भएको कुरा धर्मशास्त्रले दिएको साक्षीबाट थाहा पाउंछौं (यूहन्ना ५:३९).

### २. चेलापन र वृद्धि (२तिमोथी ३:१६-१७)

परमेश्वरको वचनमा शक्ति छ. धर्मशास्त्रबाट पवित्र आत्माले हामीलाई पश्चातापमा पुऱ्याउने दृढ-निश्चयता उत्पन्न गरिदिन्छ. उहाँले परमेश्वरको पवित्रता र येशूको उच्चाई हामीमा प्रकट गर्नुहुन्छ र विश्वासमा दह्िलो हुनको निम्ति उहाँले हामीलाई सबै सत्यताहरुमा डोऱ्याउनुहुन्छ. शल्यचिकित्सकको निम्ति छुरी जसरी काममा आउंछ पवित्र आत्माले धर्मशास्त्र पनि त्यसरी नै प्रयोग गर्नुहुन्छ. उहाँको हातमा त्यो बडो शक्तिशाली तथा कुशलताकासाथ चंगाई उत्पन्न गर्छ जुन कुरा परमेश्वरले हाम्रो जीवनमा पूरा गर्न चाहनुहुन्छ.

### ३. विश्वास र प्रोत्साहन (रोमी १५:४)

विश्वास परमेश्वरको वचनको सुनाइबाट आउंछ भन्ने हामीलाई थाहा छ (रोमी १०:१७). हाम्रो धर्मशास्त्रको अध्ययनद्वारा परमेश्वरबाट हामी धेरै कुराहरु सुन्नेछौं र त्यसले हाम्रो विश्वासलाई प्रज्वलित पार्दै हाम्रो हृदयमा प्रेरणा उत्पन्न गर्छ. विश्वासमा बोल्न आवश्यक चीजहरु हामीलाई दिइनेछ र बाइबलमा वर्णित विश्वासको महान व्यक्तिहरुसितको भेटघाट बाट हाम्रो विश्वासलाई चुनौती मिल्नेछ. अनि पवित्र आत्माको अगुवाईमा हाम्रो सुधार हुनेछ.

### ४. सुसमाचार प्रचार र साक्षी (१ पत्रस ३:१५)

धर्मशास्त्रमा भरोसाको कमीले गर्दा सुसमाचार प्रचारमा प्रायश: असफल हुन पुगिन्छ. परमेश्वरको आज्ञालाई धर्मशास्त्रद्वारा पूरा गर्ने र साक्षी दिनमा सहभागी हुनुपर्ने आवश्यकतालाई हामीले अनुभव गर्नुपर्दछ.

### ५. आत्मिक युद्ध

एफिसी ६:१७ मा हामीलाई आत्माको तरवार अर्थात परमेश्वरको वचन धारण गर्नको निम्ति प्रोत्साहित गरिएको छ. आत्मिक युद्ध कसरी लडनुपर्ने हो सो कुराको हामीलाई धर्मशास्त्रले निर्देशन दिएको छ. दुष्टको सामना कसरी गर्ने अनि कसरी विजय प्राप्त गर्ने भन्ने कुरा

शिक्षा र उदाहरणद्वारा हामी सिक्नेछौं. विजय पाउन विश्वास नै आधार भएको तथ्यलाई धर्मशास्त्रले नै सिकाउंछ (१यूहन्ना ५:४), येशूको नाउंको सामर्थ्य हामीलाई देखाउंछ (प्रेरित ४:१० र १२) अनि शैतानको सामना गरेमा ऊ हामीदेखि भाग्नेछ भनेर पनि हामीलाई यसले सिकाउंछ (याकूब ४:७).

## च. धर्मशास्त्र बुझ्नका निम्ति चाल्नुपर्ने सात आधारभूत पाइलाहरु

भरखरको क्रिश्चियनले कुनै एक प्रासंगिक विषयलाई छान्दा उपयुक्त हुन्छ - उदाहरणको लागि यूहन्नाको सुसमाचार अथवा नयाँ नियमका कुनै पुस्तक -

### १. अबलोकन गर्नु

हामीले केही ध्यान पुऱ्याएर धर्मशास्त्र पढनुपर्छ. वास्तवमा यसले के भनिरहेको छ भनेर हेर्दै आंखा र कान खुल्ला राख्नुपर्छ. हामीले चाहेभन्दा पनि विस्तारै पढनाले हामीलाई धेरै सहायता गर्नसक्छ र ती अंशहरु एकचोटी भन्दा बढी पढनुपर्छ. हामीले वास्तवमा के पढेका छौं र यो पढिरहेमा सांच्चै नै हामीले बुझेका छौं कि छैनौं भनेर आफैंलाई सोध्दै मनन गर्नमा अबलोकन गर्नाले हामीलाई सघाऊ पुऱ्याउंछ.

### २. रुपान्तरण

तपाई जे पढदै हुनुहुन्छ के त्यो बुझ्नुहुन्छ ? तपाईंले बुझ्न नसक्नुको कारणहरु के हुन सक्दछन् ?, समय निकालेर हामीले आफैंसित केही प्रश्नहरु सोध्यौं भने (बुझ्न नसक्नुको) कारणहरु स्पष्ट हुनेछन्. कतिचोटी सीधासाधा कारणहरु हुन्छन् अर्थात हुनसक्छ कुनै शब्द वा विचारहरु बुझ्न हामी असमर्थ भएका छौं. अथवा कुनै आत्मिक सत्यता जसको अर्थ तपाईंले अनुभव गर्नु भएकै छैन. कुनै सत्यतालाई बुझ्नुको मतलव हुन्छ त्यसलाई अनुभव पनि गर्नु हो. अथवा कुनै तकनिकी पृष्ठभूमिका सम्बन्धमा जुनचाहिं तपाईं बाइबल कमेंट्रिबाट सजिलै पत्ता लगाउन सक्नुहुन्छ.

### ३. सारांश लिनु

हामीले सिकेको एउटा अंशको मुख्य बुँदाहरुलाई सारांशमा निकाल्नु फाइदाजनक हुन्छ अथवा मुख्य भाग वा शिर्षकमा चिनो लगाउनु पनि उचित हुनजान्छ. धर्मशास्त्रले भनेका कुराहरुलाई आफ्नै शव्दमा परिभाषित गर्नु कहिले काहिं ठीकै देखिन्छ. चिनो लगाउने कलम, बाइबल र कागज साथैमा राखिराख्नुहोस्, ती काममा आउंछन.

४. **मूल्याङ्कन**

केही प्रश्नहरु सोध्नुहोस्

- तपाई कस्तो किसिमको साहित्य पढिराख्नु भएको छ ? कसैलाई लेखेको चिठी, शैक्षिक सामग्री, कविता वा अगमवाणी ?
- यो कुन किसिमको शिक्षा हो ? सबै ठाउँमा भएका मानिस, समय र ठाउँमा उपयुक्त हुने विश्वव्यापि शिक्षा हो वा खास समय वा ठाउँका निम्ति मात्र प्रयुक्त हुने खालको हो ?
- याद राख्नुहोस्, मानिसहरुले स्पष्ट र स्वाभाविक अर्थ मात्र प्रायश: रुचाउने गर्छन्. (१कोरिन्थी १४:३३)

५. **प्रयोग**

जहिले-जहिले हामी धर्मशास्त्रमा पढछौं यसलाई हाम्रो जीवनमा कसरी लागु गर्न सकिन्छ भनेर आफैंसित प्रश्न गर्नुपर्छ. त्यसो गऱ्यौं भने परमेश्वरको बचन हाम्रो जीवनमा प्रभावकारी हुनेछ र त्यसको फल हामीले प्राप्त गर्नेछौं (याकूब १:२२).

६. **तुलना गर्नु**

धर्मशास्त्रको श्रेष्ठ अनुवादक धर्मशास्त्र नै हुन्छ. त्यसकारण धर्नशास्त्रको एक अंशलाई अर्को अंशसित तुलना गर्नुहोस्. एउटा पद मिलान (Concordance) वा पद उद्धरण (Cross Reference Bible) बाइबल भएमा अर्कै एउटा विचार वा सिद्धान्तलाई धर्मशास्त्रमा खोजी गर्नु फाइदाजनक हुन्छ. यसले हाम्रो समझ बढाउंछ र त्यस्ता तथ्यहरु (अनावश्यक) को अनुवाद गर्नबाट हामीलाई नियन्त्रण गर्छ.

७. **मनन**

आफूले पढेका कुराहरुमाथि निकै समयसम्म विचार गर्नुहोस्. तिनीहरुका बारेमा तपाईंसित परमेश्वरलाई बोल्ने मौका दिनुस. यसले तपाईंको परमेश्वरसितको सम्बन्धमा सुधार ल्याउनेछ र उहाँलाई तपाईंले अझ नजीकबाट चिन्नुहुनेछ.

## छ. कामका औजारहरु

१. एकभन्दा बढी अनुदित बाइबल. यसबाट तपाई सत्यको बिभिन्न पक्षलाई देख्नसक्नुहुनेछ. उदाहरणको निम्ति NIV र Living Bible हरुले साधारणत: बाइबलको वचनलाई प्रचलित सहजतामा बुझ्न

मदत गर्दछ भने AV अथवा KJV ले कठीन अंशहरुमा सरल तथा सुक्ष्म अन्तर्दृष्टि प्रदान गर्दछ.

२. (Bible Handbook) बाइबल सहायक पुस्तकहरु औपचारिक बाइबल तालीम नपाएकाहरुका निम्ति सम्बन्धित विषयहरुमा परिचय, इतिहास, पृष्ठभूमि तथा अनुवाद उपलब्ध गराउंछ जुन निकै सहायक सिद्ध हुन्छ.

३. Bible Concordance पद मिलान

४. एउटा (Cross Reference Bible) पद उद्धरण बाइबल. परमेश्वरको वचन अध्ययनमा सफलता हासिल गर्दै यसलाई बुझ्न अझैपनि समय र खुल्ला हृदय नै प्रमुख माध्यम हुन्. यदि हामी धर्मशास्त्रप्रति उचित आदर-भक्तिका साथ उपस्थित भयौं भने पवित्र आत्मा हाम्रो शिक्षक हुन र हामीलाई सबै सत्यतामा डोऱ्याउन सदैव तयार हुनुहुन्छ (१कोरिन्थी २:१०-१२).

## ज. पुरानो र नयाँ नियमहरु

जब हामी दुई युगहरुको प्रकाशमा हेर्छौं त्यसबेला हामी यी दुई नियम बीचको आवश्यक सम्बन्धलाई देख्न सफल हुन्छौं.

१. पुरानोबाट नयाँ नियममा (३९ पुस्तकहरु)

- नयाँ नियममा स्वीकार गरिएका सत्यहरु पुरानो नियममा बढी स्पष्टताकासाथ प्रश्तुत गरिएको थियो - करारका सिद्धान्तहरु, विश्वासको सामाजिक पक्ष, परमेश्वरको स्वभाव (महिमा, पवित्रता आदि) प्रशंसा र आराधनाको शक्ति.
- ख्रीष्टको (दोश्रो) आगमनको प्रत्याशा गर्दछ (प्रतिज्ञाहरु)
- विश्वासलाई जीवनसँग गांस्दछ (जीवनीहरु, ऐतिहासिक तथा सामाजिक पक्षहरु)

२. नयाँबाट पुरानो नियममा (२७ पुस्तकहरु)

- पुरानो नियमको बारेमा यसले हामीलाई बुझाउंछ.
- प्रकाशलाई क्रमिकतामा हेर्न मदत गर्छ (भूलदेखि सत्यतिर नभएर सत्यदेखि झन महान सत्यतिर)

- यसले हामीलाई पुरानो नियमको अर्थ लगाउन (अर्थको अनर्थ गर्न) बाट जोगाउंछ (कथा र उपकथाहरुलाई काल्पनिकतामा हेर्नबाट हामी नियन्त्रित हुनुपर्छ).

## झ. पुरानो नियमको अंग्रेजी बाइबल

यसमा चार भाग छन् -

१. Pentateuch (पेन्टाट्युक) शुरुको पाँच पुस्तक - उत्पत्ति देखि व्यवस्था विवरण सम्मको पुस्तकहरु

२. ऐतिहासिक पुस्तकहरु - यहोशूदेखि एस्तरसम्म

३. कवितात्मक पुस्तकहरु - अयूबदेखि श्रेष्ठगीतसम्म

४. अगमवाणीका पुस्तकहरु - यशैयादेखि मलाकीसम्म

## ञ. हिब्रू बाइबल

यसमा ३ भाग छन्

१. Torah (नियम) - उत्पत्तिदेखि व्यवस्था विवरणको पुस्तकसम्म.

२. Nebhi'im - (अगमवक्ताहरु)

पुरानो अगमवक्ताहरु - यहोशू, न्यायकर्ताको पुस्तक, १ र २ सामूएल, १ र २ राजाहरु.

३. Kethubim (लेखहरु) - भजनहरु, हितोपदेशहरु, अयूब, श्रेष्ठगीत, रुथ, विलापगीत, सभोपदेशक, एस्तर, दानियल, एज्रा, नहेमिया र १ र २ इतिहास.

## ट. बाइबलको नौवटा ऐतिहासिक अध्यायहरु

१. शुरु - उत्पत्ति १-११ (सृष्टि, पतन, बाढी , बाबेल).

२. कुलपतिहरु - उत्पत्ति १२-५० अध्याय (अब्राहाम, इसहाक, याकूब र युशुफ, १८०० बि.सी.)

३. मोशा र प्रस्थान - प्रस्थान, लेवी, र गन्ती - १२८० बि.सी.

- प्रस्थानमा करारहरु बांधिन्छ, नियम दिइन्छ र तम्बु निर्माण
- लेवीमा पूजारी र अरु मानिसहरुलाई धार्मिक विधि-विधानबारे शिक्षा दिइन्छ.
- गन्तीमा इस्राएलीहरु आफ्नो अन्तीम उद्देश्य पूर्तिका लागि तयार हुन्छन्.

४. विजय र बसाईंको ठेगान - व्यवस्था, यहोशू र न्यायकर्ता.
५. राजतन्त्रको स्थापना - १ र २ सामूएल, १ इतिहास (सामूएल, शाऊल, र दाऊद). १०५० बि.सी.
६. विभाजित राज्यहरु - १ र २ सामूएल; २ इतिहास (सुलेमान) ९३० बि.सी.
   - उत्तरी राज्यहरु (जेरोबोआम - पेका:) ७२२/१ बि.सी.
   - दक्षिणी राज्यहरु (रेहोबोआम - जेडेकिया) ५९७ /८७
७. निर्वासन र पुनर्स्थापन - एज्रा, नहेमिया, हग्गाई, जकरिया, मलाकी - ५३९ बि.सी.
८. येशू, उहाँको जीवन र सेवकाई - नयाँ नियमका चार सुसमाचारहरु ३०/३३ ए.डि.
   - येशू को हुनुहुन्छ सो यसमा तपाईंले थाहा पाउनुहुन्छ.
९. मण्डलीको वृद्धि र यसबारे शिक्षा- प्रेरितदेखि प्रकाशसम्मको पुस्तकहरु
   - ख्रीष्टमा  तपाई को हुनुहुन्छ भन्ने बारेमा यी पुस्तकहरुबाट तपाईंले थाहा पाउनुहुन्छ.

याद राख्नुहोस्, धर्मशास्त्र बुझ्ने मुख्य कडी येशू हुनुहुन्छ.  तपाईंको ध्यान येशूमा नगएमा पुस्तकको मुख्य गुदी नै तपाईंले छोडनुहुनेछ. यदि पुस्तकमा तपाईंले येशू भेटनुभयो भने यो खोल्ने साँचो तपाईंको हातमा हुनेछ.

## ठ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. तपाईंले धर्मशास्त्रका अंश र पदहरु आफ्नो मनखुशी उद्धृत गर्नुभएर के तपाइं आफूलाई येशूको चेलाको रुपमा वृद्धि गर्न सक्नुहुन्छ ?
२. धर्मशास्त्र पढनुमात्र पर्याप्त हुँदैन र ?
३. हामीले धर्मशास्त्र अध्ययन गर्दा पवित्र आत्माले हाम्रो जीवनमा चंगाई दिएर हामीलाई कसरी स्वस्थता प्रदान गर्नुहुन्छ ?
४. धर्मशास्त्रप्रतिको तपाईंको ज्ञान शिक्षा दिन, हप्काउन, सुधार गर्न र धार्मिकतामा तालीम दिनको निम्ति पर्याप्त छ ? (२ तिमोथी ३:१६). यदि छैन भने यसबारेमा तपाई के गर्दै हुनुहुन्छ ?
५. येशूको चेला भएर के गर्नुपर्ने हो सो हामीले थाहा पाउनुपर्छ. परमेश्वरको शैक्षिक पुस्तिका (Instruction Manual) कुन हो ?
६. स्वर्ग गएर जकरियालाई भेटनु अगावै तपाईंले उहाँको पुस्तक पढनु भएको हुनेछ ?

७. कसैले तपाईंलाई हिजकिया ६:३ पढनुभयो ?" भनेर सोधेमा तपाई हांस्नुहुन्छ कि ?

## ङ. सारांश र प्रयोग

१. धर्मशास्त्र अनुसारको जीवन जिएर र तिनीहरुको अध्ययन गरेर मात्र यसप्रतिको हाम्रो समझमा एकरुपता तथा निरन्तरता प्राप्ति हुन्छ.

२. बाइबल परमेश्वर मानिससित बोल्नुभएको हो. त्यसकारण उहाँलाई बुझ्न र हामीसँग उहाँ के चाहनुहुन्छ सो थाहा पाउन यो हामीले अध्ययन गर्नुपर्छ.

३. बाइबल अध्ययन गरेमा येशूको विजयी चेला भएर जिउन मदत गर्छ.

४. धर्मशास्त्रलाई हाम्रो जीवनमा सही तरीकाले प्रयोग गर्न हामीले यसलाई बुझ्नुपर्दछ.

५. धर्मशास्त्र बुझ्नको निम्ति येशू मुख्य कडी हुनुहुन्छ.